स्थानीय सरकार

गौरीशंकर गाउँपालिका

Gaurishankar Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office Of Rural Municipality Executive

सुरी, दोलखा
Suri, Dolakha

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref No:- 083/084
सूचना नं./Dispatch No: - ०२

मिती/Date:- 2083/06/08

सहजकर्ता सूचीकृत हुनको लागि प्रस्ताव आव्हानको सुचना !!!

गौरीशंकर गाउँपालिकाको चालु आ.व. ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम** अन्तर्गत **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि- २०८३"** बमोजिम कृषि तथा पशुजन्य उत्पादनहरु संकलन तथा विक्रिको लागि योग्य कृषि फर्म/कृषक समूह तथा कृषि सहकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन मिति २०८३/०६/२२ गते कार्यालय समयभित्र गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखामा देहाय बमोजिमको आवश्यक कागजात सहित आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

- सहजकर्ता सूचीकृत हुनका लागि कार्यविधिको अनुसूची-५ बमोजिमको निवेदन।
- सहजकर्ता सुचिकृत गराईदिने सम्बन्धि, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
- फर्म, समूह, संस्थाको बैंक खाताको विवरण र अख्तियारी प्राप्त व्यक्तिको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।
- सम्बन्धित निकायमा कृषि फर्म/कृषक समूह/ कृषि सहकारी संस्था दर्ता, नविकरण, प्यान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रममा सहभागी हुने सम्बन्धि बैठकको निर्णय र अख्तियारी दिएपको निर्णयको प्रतिलिपि। *(समूह र सहकारीको हकमा मात्र)*

(रिजेश उपरकोटी)
प्रमुख प्रशासकीय अधिकृत

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

(सहजकर्ता सूचीकृत हुनको लागि निवेदनको ढँचा)

श्री कार्यालय प्रमुख ज्यू,
गौरीशंकर गाउँपालिका कार्यालय, सुरी दोलखा।

विषय: सहजकर्ता सूचीकृत गराइ पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा गौरीशंकर गाउँपालिका कार्यालयको सुचना नं.....मिति..... को सार्वजानिक सूचना बमोजिम यस श्री.....ले गौरीशंकर गाउँपालिका वडा नं.....भित्रको कृषि तथा पशुजन्य उत्पादन (....., ..., ...) को गौरीशंकर गाउँपालिकाको **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८३"** बमोजिम खरिद/विक्रि गर्न ईच्छुक भई सहजकर्ता सुचिकृतको लागी सूचनामा माग भए बमोजिमको सम्पुर्ण कागजात सहित सूचीकृतको लागि यो निवेदन पेश गरेकोछु/छौँ।

निवेदक:

दस्तखत:

नाम:

पद:

सम्पर्क नं.:

संस्थाको छापः